# ३ पुरानो करारमा न्याय र दया वा कृपाः भाग १

***यस अध्यायका मूल पदहरू:*** प्रस्थान २२:२१-२३, प्रस्थान २३:२-९, आमोस ८:४-७, यशैया ५८:१-१४ र प्रेरित २०:३५।

***यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:*** "७ उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ, र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ। ८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ। परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ। ९ विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल पार्नुहुन्छ।" भजन १४६:७-९।

धेरै वर्ष अघि अमेरिकाको न्यु योर्क भन्ने शहरमा अत्यन्त जाडोको मौसममा एक जना जुत्ता नलगाएको खाली खुट्टाले हिंडिरहेको दस वर्षको केटाले जुत्ता पसलको ऐनाको झ्यालमा हेरिरहेको थियो। एक जना महिला आइ र त्यस झ्यालमा धेरै बेरसम्म किन हेरिरहेको भनेर उसलाई सोधिन्। परमेश्वरसँग एक जोर जुत्ता उसले मागिरहेको भनेर उसले जवाफ दियो। त्यस महिलाले त्यस केटाको हात समातेर त्यस जुत्ता पसल भित्र लगिन्। पसलेलाई एक जोर मोजा ल्याउन अऱ्हाइन। उनले एउटा भाँडोमा पानी र रुमाल पनि मगाइन्। त्यस केटालाई पसलको पछाडिपट्टि लगेर उनले आफूले लगाइ राखेको पञ्जा फुकालिन्, उसको खुट्टा धोइन् र रुमालले पुछिन्। मोजा लिएर पसले आयो। त्यो मोजा त्यस केटाको खुट्टामा लगाइदिइन्। पसलेलाई एक जोर जुत्ता मागिन् र उसलाई लगाइदिइन्। त्यस केटाको शिरमा हात राखेर सोधिन् कि उसको खुट्टाहरूले लगाएका जुत्ताहरू ठिक भयो कि भएन। जब उनी केटाबाट बिदा भएर जाँदै थिइन् तब त्यो केटाले उनलाई सोध्यो, "के तपाईं परमेश्वरको श्रीमती हुनुहुन्छ?" (www.inspirationalstories.com/1/198.htmlबाट रूपान्तरित)।

त्यस सानो केटाले उसले जानेको भन्दा धेरै सत्य बोलेको थियो। परमेश्वर चर्च उहाँको दुलही हो, उहाँको श्रीमती। उहाँको चरित्र वा स्वभाव र मानिसप्रति उहाँको चाहना के छ भनेर माथिको मूल पदले बताउँछ। यदि

हामीहरू आत्मपरिवर्तन (कन्भर्जन) भएर परमेश्वरको चर्चमा सहभागी भएर बस्यौं भने हामीले पनि उहाँको चरित्रलाई प्रतिबिम्ब गर्नुपर्छ। यदि हामी उहाँमा पक्का विश्वासी भएर बस्यौं भने हामीले पनि गरिब, असहाय र समाजबाट तिरस्कार गरेका वर्गहरूको उत्थानको निम्ति इमान्दारिपूर्वक भरमग्दुर प्रयास गर्नेछौं।

## १. दया तथा कृपा र न्यायः परमेश्वरको जनहरूको आदर्श चरित्रको छाप (प्रस्थान २२:२१-२२)

इस्राएलको प्रारम्भिक इतिहासमा सामाजिक न्याय परमेश्वरको व्यवस्थाको एक प्रमुख भाग भएको पाइएको थियो। सामाजिक न्यायको निर्देशन दिएर परमेश्वरले आफ्ना जनहरू सिद्ध भएको हेर्न चाहनुहुन्थ्यो (यदि सबै जनाले सामाजिक न्यायप्रणाली पालन गरेको भए त्यहाँ न त अपराध हुन्थ्यो न त सजायँको आवश्यक नै हुन्थ्यो-अनुवादकको टिप्पणी)। पाप यस संसारमा आएदेखि सारा मानव जगतको निम्ति लागु हुनुपर्ने सामाजिक न्याय परमेश्वरकै योजना थियो। सामाजिक न्याय (सही मानव अधिकार) भएको संसार त्यो संसार हो जहाँ मानिसहरूको आधारभूत आवश्यकताहरूको परिपूर्ती हुन्छ, (मानिसहरूको बीचमा सही समानता हुन्छ) जहाँ मानिसहरू खुशी, सफल र शान्तिपूर्वक निर्भय भएर जिउँदछन्।

बाइबलमा दिएका कृपा तथा दया र न्याय समाबेश भएका केही पदहरू पढ्नुहोस् र त्यसको बारेमा आफै निश्कर्ष निकाल्नुहोस्: प्रस्थान २२:२१-२३ " २१ "परदेशीलाई नसताओ, त्यसलाई अत्याचार पनि नगर, किनकि तिमीहरू पनि मिश्रमा परदेशी नै थियौ। २२ "विधवा अथवा टुहुराबाट फाइदा नलेओ। २३ फाइदा लियौ र तिनीहरूले मेरो पुकारा गरे भने, म निश्चय नै तिनीहरूको पुकारा सुन्नेछु।", प्रस्थान २३:१-९ " झूटा गवाही नदेओ। दुष्टको साथ लागेर त्यसको निम्ति ईर्ष्यापूर्ण गवाह नबन। २ "खराबी गर्न भीड़सँग नलाग। मुद्दामा बहुमततिर लागी गवाही दिएर इन्साफ नबिगार। ३ गरीब भनेर उसको मुद्दामा पनपक्ष नगर। ४ "यदि तिमीहरूले आफ्नो शत्रुको गोरु वा गधा बिच्केर जाँदैगरेको देख्यौ भने, त्यसलाई फर्काएर फेरि त्यसकहाँ ल्याइदेओ। ५ तिमीहरूसित रीस-इबी गर्नेको गधा भारीले थिचिएको देख्यौ भने, त्यसलाई त्यतिकै नछोड़, तर त्यसलाई उठाओ। ६ "मुद्दामा गरीब मानिसको न्याय नखोस। ७ झूटा कुराबाट दूर बस। निरपराध र ईमानदारलाई प्राणदण्ड नदेओ, किनकि दोषीलाई म कहिल्यै निर्दोष

ठहराउनेछैनँ। ८ "घूस नखाओ, किनकि घूसले मानिसलाई अन्धा तुल्याउँछ, र धार्मिकताको कुरालाई उल्टाइदिन्छ। ९ "प्रवासीलाई अत्याचार नगर। तिमीहरू मिश्रमा परदेशी रहेको कारण तिमीहरूले प्रवासीको मनलाई जान्दछौ.", लैब्य २५:१-५५ " १ परमप्रभुले सीनै पर्वतमा मोशालाई भन्नुभयो, २ "इस्राएलीहरूलाई यसो भन: 'मैले तिमीहरूलाई दिने देशमा तिमीहरू पुगेपछि भूमिले पनि परमप्रभुको निम्ति एउटा शबाथ मनाओस्। ३ छ वर्ष आफ्नो खेत रोप्नू। छ वर्ष आफ्ना दाखबारीहरू छिँवल्नू, र तिनका फलहरू बटुल्नू। ४ तर सातौं वर्षमा भूमिलाई विशेष शबाथ होस्– परमप्रभुको निम्ति एउटा शबाथ। सातौं वर्षमा तिमीहरूले खेत नरोप्नू, दाखबारी नछिँवल्नू, ५ तिमीहरूको फसलमा आफै उम्रेको उब्जनी नकाट्नू, नछिँवलेको बोटका दाखहरू जम्मा नगर्नू। भूमिलाई त्यो विशेष विश्रामको वर्ष होस्। ६ त्यस भूमिले विश्रामको वर्षमा दिएको उब्जनी नै तिमीहरूका निम्ति, तिमीहरूका दास-दासी, नोकर-चाकर, तिमीहरूसँग बसोबास गर्ने परदेशी, ७ तिमीहरूका गाईबस्तु, र देशका पशुपन्क्षी का लागि खाना हुनेछ। त्यस वर्षमा देशको सबै उब्जनी खाए पनि हुन्छ। ८ " 'तिमीहरूले आफ्नो लागि सात शबाथका वर्षहरू, अर्थात् सात गुणा सात वर्ष गन्नू। तब सात शबाथका वर्ष, अर्थात् उनन्चास वर्ष हुनेछ। ९ अनि सातौं महिनाको दशौं दिन चर्को बज्ने तुरही बजाउन लगाउनू। प्रायश्चितको दिनमा तिमीहरूको देशभरि त्यो तुरही बजाउन लगाउनू। १० पचासौं वर्षलाई पवित्र मान्नू, र सारा देशका बासिन्दाहरूलाई स्वतन्त्रताको घोषणा गर्नू। त्यो तिमीहरूका लागि पुनर्स्थापनको वर्ष होस्, र हरेक मानिस आफ्नो जग्गाजमिन र आफ्नो परिवारमा फर्कोस्। ११ त्यो पचासौं वर्ष तिमीहरूको निम्ति पुनर्स्थापनको वर्ष हुनेछ। त्यो वर्ष तिमीहरूले केही नरोप्नू, अनि आफै उम्रेका अन्नबालीहरूको कटनी नगर्नू, नछिँवलेका लहराहरूबाट दाखहरू जम्मा नगर्नू। १२ किनभने यो पुनर्स्थापनको वर्ष हो। त्यो तिमीहरूका लागि पवित्र होस्। खेतमा आफै उम्रेको उब्जनी तिमीहरूले त्यस वर्ष खानेछौ। १३ " 'त्यस पुनर्स्थापनको वर्षमा हरेक मानिस आफ्नो जग्गाजमिनमा फर्कोस्। १४ " 'आफ्नो छिमेकीसित जमिनको किनबेच गर्दा एक-अर्कालाई अन्याय नगर्नू। १५ पुनर्स्थापनको वर्षको पछिका वर्षहरू हिसाब गरेर तिमीहरूले छिमेकीसित किन्नू, र बाँकी वर्षका उब्जनीको हिसाब गरेर त्यसले तिमीहरूलाई बेचोस्। १६ जति धेरै वर्ष बाँकी रहन्छ त्यति दाम तिमीहरूले बढ़ाउनू, र जति थोरै वर्ष बाँकी रहन्छ त्यति नै तिमीहरूले घटाउनू, किनभने उब्जनीको हिसाबअनुसार त्यो जमिन त्यसले तिमीहरूलाई बेचेको हो। १७ तिमीहरूले एक-अर्काबाट

फाइदा नउठाउनु। तर तिमीहरूले आफ्ना परमेश्वरको भय मान्नू, किनभने म
परमप्रभु तिमीहरूका परमेश्वर हुँ। १८ “ ‘तिमीहरूले मेरा विधिविधानहरू
पालन गरेर ती पूरा गर। तब तिमीहरू त्यस देशमा सुरक्षित रहनेछौ। १९
भूमिले आफ्नो उब्जनी दिनेछ, र खानु-पिउनुमा तिमीहरूलाई दुःख हुनेछैन, अनि
तिमीहरू देशमा निर्धक्क बस्न पाउनेछौ। २० “बाली नलगाई, फसल नउठाई
सातौं वर्षमा चाहिँ हामीले के खाने?” भनी तिमीहरू भन्छौ भने, २१ छैटौं वर्षमा
म आफ्नो आशिष् तिमीहरूलाई दिनेछु, र भूमिले तीन वर्षको फसल
उब्जाउनेछ। २२ तिमीहरूले आठौं वर्षमा रोपाइँ गर्दा, पुरानै उब्जनी
खाँदैरहनू। नवौं वर्षमा बाली नलागेसम्म तिमीहरूले त्यो पुरानै अन्न
खाँदैरहनू। २३ “ ‘जमिन सधैंको निम्ति नबेच्नू। किनभने जमिनचाहिँ मेरो हो।
तिमीहरू त परदेशी र प्रवासी भई मसित बसेका छौ। २४ तिमीहरूको
अधिकारमा आएको जग्गाजमिन फेरि निखन्न दिनू। २५ “ ‘यदि गरीबीले गर्दा
छिमेकीहरूमध्ये कसैले आफ्नो जग्गाजमिनको कुनै हिस्सा बेच्नुपर्‍यो भने,
त्यसको नजिकको आफन्त आएर त्यो निखनोस्। २६ तर कसैको यसरी
निखनिदिने कोही छैन र त्यो आफै पछि धनी भएर निखन्न सक्छ भने, २७
त्यसले त्यो बेचेको वर्षहरू गनोस्, र जसलाई बेचेको हो त्यस बाँकी वर्षका
उब्जनीको दाम फर्काइदिओस्। अनि त्यो आफ्नो जमिनमा फर्कोस्। २८ तर
आफैले उकास्ने त्यसको औकात पुगेन भने पुनर्स्थापनको वर्षसम्म किन्नेकै
हातमा त्यो जमिन रहनेछ। अनि पुनर्स्थापनको वर्षमा त्यो फिर्ता गरिओस्।
त्यसपछि त्यो मानिसचाहिँ आफ्नो जग्गाजमिनमा जान सक्छ। २९ कसैले
पर्खाल लाएको सहरभित्र भएको आफ्नो घर बेच्यो भने, बेचेको एक वर्षभित्र
त्यो निखन्न पाउनेछ। त्यसलाई यो अधिकार एक वर्षसम्म हुन्छ। ३० तर
एक वर्षभित्रमा त्यो निखन्न सकेन भने किन्ने र त्यसका भावी सन्तानका
निम्ति त्यो घर स्थायी सम्पत्ति बनोस्। पुनर्स्थापनको वर्षमा पनि त्यो फिर्ता
हुनेछैन। ३१ तर पर्खालले नघेरिएका गाउँका घरहरूचाहिँ देशका अन्य
जग्गाजमिनजस्तै ठान्नू। तीचाहिँ निखन्न सकिन्छ, अनि पुनर्स्थापनको वर्षमा
फिर्ता गर्न सकिन्छ। ३२ “ ‘लेवी कुलको अधिकारका आफ्नै सहरहरूमा
भएका घरहरूचाहिँ तिनीहरूले जुनै बेला पनि निखन्न सक्छन्। ३३ लेवी
कुलको अधिकारमा भएका सहरहरूमा कुनै लेवीले आफैले बेचेको घर फिर्ता
लिन सकेन भने पुनर्स्थापनको वर्षमा त्यो त्यसलाई फिर्ता गरिओस्, किनभने
लेवीका सहरमा भएका घरहरूचाहिँ इस्राएलमा तिनीहरूको पैतृकसम्पत्ति हो।
३४ “ ‘तर तिनीहरूका सहरबाहिरका चरनहरू बेच्न पाइँदैन, किनभने ती

तिनीहरूका स्थायी सम्पत्ति हुन्। ३५ यदि तिमीहरूका इस्राएली दाजुभाइमध्ये कोही अति गरीब भएर आफ्नो देखभाल गर्न सकेन भने, तिमीहरूले नै परदेशी पाहुनालाई जस्तै गरी त्यसलाई सहायता दिनू, कि त्यो तिमीहरूसित बसिरहन सकोस्। ३६ त्यसलाई ऋण दिँदा ब्याज वा नाफा नलिनू। तिमीहरूले आफ्ना परमेश्वरको भय मान्नू, र तिमीहरूको दाजुभाइ तिमीहरूसितै बसिरहोस्। ३७ त्यसलाई तिमीहरूले ब्याजमा रुपियाँ नदिनू। खानेकुरो पनि त्यसलाई नाफा नगरी दिनू। ३८ तिमीहरूलाई कनान देश दिन र तिमीहरूका परमेश्वर हुनलाई मिश्रबाट तिमीहरूलाई निकालेर ल्याउने म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। ३९ " 'यदि तिमीहरूको कोही इस्राएली दाजुभाइले अति गरीब भएको कारण आफैलाई तिमीहरूको हातमा बेच्यो भने कमारालाई जस्तो त्यसलाई काममा नलगाउनू। ४० त्यो तिमीहरूसँग नोकर कि परदेशी पाहुनाजस्तै भएर बसोस्, र पुनर्स्थापनको वर्षसम्म तिमीहरूसँग बसी त्यसले तिमीहरूको चाकरी गरोस्। ४१ त्यसपछि त्यो र त्यसका बालबच्चा तिमीहरूबाट छुटेर आफ्नो परिवार र जायजेथामा फर्कोस्। ४२ किनकि मैले मिश्रबाट निकालेर ल्याएका ती मेरै दासदासीहरू हुन्। तिनीहरू कमारा-कमारीहरूजस्तै नबेचिऊन्। ४३ तिमीहरूले तिनीहरूमाथि कठोर व्यवहारले शासन नगर्नू, तर तिमीहरूका परमेश्वरको भय मान्नू। ४४ " 'तिमीहरूका कमारा-कमारीचाहिँ वरिपरिका जातिहरूबाटै किनेर ल्याउनू। ४५ तिमीहरूसँग बस्ने परदेशी र तिमीहरूको देशमा जन्मेका तिनीहरूका सन्तानहरूलाई पनि तिमीहरूले किनेर आफ्नो निज धन बनाउन सक्छौ। ४६ आफ्ना भावी सन्तानको अधिकार र निज धन तुल्याउनलाई पनि तिनीहरूबाटै कमाराकमारीहरू ल्याए हुन्छ, तर इस्राएली दाजुभाइहरूमाथि कठोर व्यवहारले शासन नगर्नू। ४७ "तिमीहरूकै कोही गरीब दाजुभाइले तिमीहरूका बीचमा वास गर्ने धनी भएको परदेशी वा प्रवासीको वा त्यसको परिवारको हातमा आफैलाई बेच्यो भने, ४८ त्यो बेचिएपछि निखन्न सकिन्छ। त्यसकै दाजुभाइमध्येको कसैले त्यसलाई निखन्न सक्छ। ४९ त्यसकै काका, दाजुभाइ, अर्थात् कोही नजिकको साइनु पर्ने कसैले त्यसलाई निखनोस्। अथवा पछि त्यसको औकात पुग्यो भने त्यसले आफैलाई निखनोस्। ५० त्यस मानिस मालिककहाँ बेचिएको वर्षदेखि पुनर्स्थापनको वर्षसम्म जोड़ेर त्यति सालसम्मको ज्यालादारको मोलअनुसार त्यसले तिरोस् र आफ्नो मालिकसँग आफैलाई निखनोस्। ५१ पुनर्स्थापनको वर्ष आउनलाई धेरै वर्ष बाँकी छ भने, आफू किनिएको जम्मा मोलबाट हिसाब गरेर त्यसले छुटकाराको निम्ति बढ़ता दाम

फर्काइदिओस्। ५२ यदि पुनर्स्थापनको वर्ष आउनलाई थोरै मात्र बाँकी छ भने, त्यसले त्यसअनुसार हिसाब गरेर आफ्नो छुटकाराको दाम फिर्ता दिओस्। ५३ ज्यालादारी नोकरजस्तै भएर प्रवासी मालिकसँग त्यो बसोस्, र उसले त्यसमाथि कठोर व्यवहारले शासन नगरोस् भनी तिमीहरूले ख्याल राख्नू। ५४ " 'यी उपायहरूबाट पनि त्यसको छुटकारा भएन भने, त्यो त्यसका छोराछोरीहरूसँगै पुनर्स्थापनको वर्षमा निस्केर जाऊन्। ५५ किनभने इस्राएलीहरू मेरै दास-दासीहरू हुन्। मैले नै मिश्रबाट तिनीहरूलाई निकालेर ल्याएको हुँ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।"

१. "सातौं दिन सब्बथमा बिश्राम लिने अवसरको निर्देश सबै मानव प्राणीलाई दिइएको छ। त्यसमा नोकरचाकर, घर पालुवा पशुहरू र बिदेशी वा परमेश्वरलाई विश्वास नगरेकाहरू समाबेश भएका छन।
२. प्रत्येक सातवर्ष जसलाई सब्बथ वर्ष भनिन्छ त्यो वर्ष बिषेश हर्षको वर्ष मानिन्थ्यो। त्यस वर्षमा गरिबहरूलाई बिशेष दया देखाउँथ्यो, ऋणहरू माफि गरिन्थ्यो र दासहरूलाई मालिकहरूबाट मुक्त गरिन्थ्यो। सब्बथको वर्षमा पशुहरूलाई पनि विशेष दया देखाउन परमेश्वरले इस्राएलीहरूलाई आदेश दिनुभएको थियो।
३. पुनर्स्थापनाको वर्ष वा हर्षोउल्लासको वर्ष प्रत्येक पचास वर्षमा आउँथ्यो। त्यो प्रत्येक सात सब्बथ वर्षहरूपछि मनाइन्थ्यो। बेचिएका जग्गाजमिनहरू जसबाट किनिएको थियो त्यसैलाई फिर्ता गरिन्थ्यो। सारा ऋणहरूको माफि हुन्थ्यो। कैदीहरू र दासहरू मुक्त गरिन्थ्यो। त्यो पुनर्स्थापनाको वर्षले सबै मानिसहरू समान हुन्थ्यो र सबैलाई नयाँ जीवन सुरू गर्न अवसर दिइन्थ्यो। मानिसहरूलाई धेरै धनी बनाउन वा गरिब बनाउनबाट सुरक्षित राख्न त्यो वर्ष तोकिएको थियो।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १८५बाट रूपान्तरित।

**बिपन्न, दविएका, परिश्रमी वर्ग वा अभागी भनेर निराशमा लागेकाहरूलाई सहायता गर्न न्याय र कृपा प्रणाली कसरी कार्यान्वन हुनुपर्छ भनेर हिब्रू वा यहूदीहरूको इतिहासबाट हामीलाई सिकाउँछ।**

## २. सब्बथको बारेमा बिश्वव्यापी तथ्य (उत्पत्ति २:१३)

बिश्वको ऐतिहासिक तथा बर्तमान मानचित्रमा अधिकाँश इसाईहरूले दावी गरेको अनुसार सब्बथ के केवल यहूदी जातिहरूलाई मात्र दिएको हो कि वा यो जगतव्यापी छ? हेर्नुहोस् उत्पत्ति २:१-३ले के भन्छ "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।"

**यदि हामीहरूले सब्बथको गरिमालाई हृदयदेखि आदर गऱ्यौं भने हामीहरू केवल हामीहरूको बिश्राममा (प्रस्थान २३:१२), मुक्तिमा (व्यवस्था ५:१२-१५) र नयाँ पृथ्वीको पुनर्स्थापनामा (यशैया ६६:२२,२३)मात्र संतुष्ट भएर बस्दैनौं। निःसन्देह, हप्ताको सातौं दिन सब्बथ (शनिबारको दिन)ले परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ र यस पृथ्वीमा रहने सबैलाई बिश्राम दिनुहुन्छ भनेर सिकाउँछ। तर जगतव्यापी सब्बथको तथ्यले यो आभास् दिन्छ कि हामी सबै चाहे गरिब होस् वा धनी होस् परमेश्वरको नजरमा बराबर छौं।**

**सामाजिक न्याय प्रणालीमा साप्ताहिक सब्बथ, बार्षिक सब्बथ र पुनर्स्थापनाको वर्षको बारेमा अघिल्लो बुँदामा चर्चा गरिएको थियो। जुन् नितिहरू ती तिन सब्बथहरूको बारेमा लैव्य २३ र २५मा उल्लेख गरेका थिए तिनीहरू बर्तमान सच्चा इसाईहरूमा पनि लागु हुन्छ। हप्ताको सातौं दिन सब्बथले अनन्तसम्म यस पृथ्वीको सृष्टिलाई औंल्याइरहनेछ। क्रुस र नयाँ पृथ्वीलाई पनि यसले औंल्याउँदछ। यसले हामीहरूको कृपालु सृष्टिकर्ता र मुक्तिदातासँग हुनुपर्ने सम्बन्धलाई मजबुत बनाउँदछ। त्यसकारण परमेश्वरले गहिरोसँग प्रेम गर्ने सबै जनासँग चाहे ती हामीभन्दा बिपन्न वर्ग नै किन नहुन् सब्बथले एक आपसमा नजिक ल्याउँछ। गरिब, बिपन्न, पिछडिएको जाति र दविएका मानिसहरूमा परमेश्वरको प्रेमको सन्देश सुनाउन आवश्यक छ।**

**यो पनि ख्याल गर्नुहोस् कि सब्बथ वर्ष र पुनर्स्थापनाको वर्षमा अनन्तको निति देखाइएको छ। तर त्यसको अर्थ यो होइन कि ती पर्वहरू अहिले हामीले मान्नुपर्छ। येशूको मृत्युपछि त्यसलाई पालन गर्न खारेज गरिएको छ। तर हप्ताको सातौं दिन पालन गर्नुपर्ने नितिचाहीं सदाको निम्ति कायमै छ। यसलाई सदासर्वदासम्म पवित्र राख्न परमेश्वरले हामीलाई निर्देशन दिनुभएको छ। पुनर्स्थापनाको वर्ष र सब्बथ वर्षहरू मनाउने पर्वहरू ती सब्बथ रितिहरू**

**हुन् जसले आउनेवाला छायाँलाई देखाएका थिए (कलस्सी २:१७)। तिनीहरूले येशूको सेवाकार्य र उहाँको बलिदानलाई औँल्याएका थिए जुन् येशूको क्रुसमा भएको मृत्युपछि अन्त्य भएको थियो। तर ती सब्बथहरूका रितिले हामीले बिशेष गरिब र आवश्यक पर्नेहरूको खाँचोप्रति कस्तो संवेदनशील हुनुपर्छ हुनुपर्छ र तिनीहरूप्रति कस्तो व्यवहार गर्नुपर्छ भनेर देखाउँदछ। मिश्रदेशको दासत्वबाट मुक्ति पाएका यहूदीहरूलाई सारा संसारको ज्योति हुने अभिभारा सुम्पिएको थियो। कसैलाई पक्षपात नगरि सबैलाई दयामाया देखाउन् भन्ने परमेश्वरको योजना थियो। परमेश्वरलाई नचिन्नेहरूलाई कृतज्ञ भएर इस्राएलीहरूले परमेश्वरको चरित्र तथा स्वभाव वा गुणलाई देखाउनुपर्ने थियो।**

आमोस ८:४-८मा के औँल्याइरहेको छ? अरूलाई पनि हामीले त्यस्तै व्यवहार गरेर दोषी नहुन हामी कसरी सतर्क हुने? "तिनीहरूको कामलाई म कहिल्यै पनि बिर्सने छैन" भन्ने महत्त्वपूर्ण वचनलाई मध्यनजरमा राखेर तपाईंले जे सिक्नुभएको छ त्यसको बारेमा सोच्नुहोस्। हेर्नुहोस् आमोसमा उल्लेख गरेको मर्म "४ हे कङ्गालीहरूलाई खुट्टाले कुल्चनेहरू र देशका गरीबहरूलाई हटाउनेहरू हो सुन, ५ तिमीहरू जसले भन्छौ, "औंसी कहिले बित्छ र हामी अन्न बेच्न सकौं? अनि शबाथ कहिले समाप्त हुन्छ र हामी गहूँ बेच्न सकौं? माना सानो र ढक गह्रौं बनाई झूटो तराजू चलाएर ठग्न सकौंला। ६ गरीबलाई रुपियाँमा र दरिद्रलाई एक जोर जुत्तामा किन्न सकौंला, कसिङ्गरसहित गहूँ बेच्न सकौंला?" ७ याकूबको गर्वमा परमप्रभुले यसो भनेर शपथ खानुभएको छः "म तिनीहरूले गरेका कुनै पनि कामलाई कहिल्यै बिर्सनेछैनँ। ८ के यसैको कारण जमिन काम्नेछैन र? त्यसमा बस्ने सबैले विलाप गर्नेछैनन् र? सम्पूर्ण देश नील नदीझैं बढ्नेछ, र मिश्रको नदी उर्लेर घटेझैं घटेर जानेछ।"

## ३. भविष्यवाणीको आवाजः भाग १ (हितोपदेश ३१:८,९)

"८ "बोल्न नसक्नेहरूका निम्ति तिमीले बोल, सबै असहायहरूको हकहिकको रक्षा गर्। उचित न्याय गर पक्षपात नगरि बोल। ९ दरिद्र र कङ्गाली तथा आवश्यक परेकाहरूको हकको रक्षा गर्।" (हितोपदेश ३१:८,९ रूपान्तरित)। के ती नितिहरू पुरानो करारमा भयो भन्दैमा वेवास्ता गर्ने? बर्तमान समयमा पनि ती नितिहरूलाई हामीहरूको जीवनमा कसरी समेत्ने र कार्यान्वन गर्ने?

**परमेश्वरका जनहरू भनेर दावी गर्नेहरूको व्यवहार उहाँको चरित्र झल्काउने गरेर न्यायी र कृपालु हुनुपर्छ भनेर उहाँले अपेक्षा गर्नुभएको छ भनेर**

**यस अध्यायमा हामी हेरिरहेकाछौं। न्यायी र कृपालु हुने उहाँको सिद्ध चरित्रको एक भाग हो जुन् उहाँका जनहरूले पनि उहाँका भक्तहरू भएको हैशियतले देखाउनु अनिवार्य छ। हिब्रू वा यहूदी अगमवक्ता अर्थात् परमेश्वरको बिशेष मानव दूतहरूले गरिब तथा असहायहरूको निम्ति चर्को आवाज उठाएका थिए। यहूदी जात भन्दा बाहिरका जातिहरू, समाजमा पिल्सिएकाहरू, बिभिन्न कारणले दुर्व्यवहारको मारमा पर्ने मानिसहरूलाई परमेश्वरले वास्ता गर्नुहुन्न भन्ने आभास् दिने प्रवृत्ति उहाँका जनहरूले त्यागून भन्ने चेतावनी ती अगमवक्ता तथा परमेश्वरका विशेष प्रवक्ताहरूले दिएका थिए। यथार्थमा भन्ने हो भने परमेश्वरको नजरमा निस्वार्थ, चोखो र पवित्र भावनाले कसैको सेवा गर्छ त्यो नै उहाँको उपासना गरेको ठहर्छ भनेर बाइबलले औंल्याएको पाइन्छ।**

परमेश्वरको सही उपासना वा आराधना के हो? उहाँका उपासकहरूले उहाँले के अपेक्षा गर्नुहुन्छ? वर्तमान परिप्रेक्ष्यमा के ती हाम्रो जीवनमा पनि लागु हुनसक्छ । यशैयामा व्यक्त गरेका देहायका भावनाहरूले हामीहरूलाई मनमा पनि कसरी छुनुपर्छ? हेर्नुहोस् यशैया १:१०-१९ "१० हे यरूशलेम, तिम्रा शासकवर्ग र मानिसहरू सदोम र गमोराका जस्तै छन्। परमप्रभुले तिमीलाई के भन्दै हुनुहुन्छ, त्यो सुन्! हाम्रा परमेश्वरले तिमीलाई के सिकाउँदै हुनुहुन्छ, त्यसमा ध्यान दे। ११ उहाँ भन्नुहुन्छ, "के तिमीले चढाइरहेका थुप्रै बलिदानहरू म चाहन्छु भनी तिमीहरू सोच्दैछौ? मलाई त तिमीहरूले होमबलि चढाएका भेडाहरू र मोटा पशुका बोसोले नाक लागिसक्यो। साँढेहरू (वा राँगाहरू), भेडाहरू र बोकाहरूका रगतले मलाई वाक्क लागिसक्यो। १२ मलाई पुज्न आउँदा यी सबै कुरा ल्याउनुपर्छ भनी कसले तिमीहरूलाई भन्यो? कसले मेरो मन्दिरमा तिमीहरूलाई खुट्टाले कुल्ची-मिल्ची गर्न लगायो? १३ तिमीहरूका भेटीहरू ल्याउनु व्यर्थ छ। तिमीहरूले बालेका धूपसित म विरक्त भइसकें। तिमीहरूका औंसीका चाड, विश्रामको दिन पालन र धार्मिक सभाहरू मैले सहन नसक्ने भएका छन्। तिमीहरूका पापले गर्दा ती भ्रष्ट भएका छन्। १४ म तिम्रा औंसी र अरू पवित्र चाडका दिनहरूलाई घृणा गर्दछु। ती मैले बोक्न नसक्ने भार भएका छन्। १५ तिमीहरूले प्रार्थनामा हात उचाल्दा म आफ्नो मुख अर्कोतिर फर्काउनेछु। तिमीहरूले जति धेरै प्रार्थना गरे पनि म ती सुन्नेछैनँ किनभने तिमीहरूका हातमा हत्या गरेका रगत लागेको छ। १६ आफैंलाई धोएर चोखो पार। जुन दुष्कर्म तिमीहरूले गरेको म देख्दछु, ती बन्द गर। हो, दुष्कर्म छोड १७ र ठीक काम गर्न सिक। सबैको निसाफ गर, अत्याचारमा परेकाहरूलाई सहायता

गर, टुहुरा-टुहुरीहरूको हकको खोजी गरिदेऊ, रक्षा गरिदेऊ र विधवाको पक्षमा बोल।" १८ परमप्रभु भन्नुहुन्छ, "आओ, हामी सबै कुरा छलफल गरौं। पापले तिमीहरूमा रातो दाग लागे तापनि म तिमीहरूलाई धोई हिउँजस्तै सेतो पार्नेछु। तिमीहरूका पापको दाग गाढा रातो रङ्गको भए तापनि तिमीहरू ऊनजस्तै सेता हुनेछौ। १९ तिमीहरू मेरा आज्ञापालन गर्न इच्छुक भयौ भने तिमीहरूले देशका असल-असल उब्जाउहरू खान पाउनेछौ।"

**पुराना करारका धेरै जसो अगमवक्ताहरूले भविष्यका ती घट्नाहरूलाई औंल्याएका थिए जुन् तिनीहरूको जीवनभन्दा अघिका थिए। तर वर्तमान समयमा पनि मानिसहरूको आत्मिक जीवनमा परिवर्तन गर्नुपर्छ र तिनीहरूले निस्वार्थी भावनाले सेवा गर्नुपर्छ भन्ने नितिको गरिमालाई तिनीहरूले कडाईका साथ औंल्याएका थिए। जब उहाँका जनहरूले भक्त भएर उहाँको सेवा गरेका थिए तर तिनीहरूको वरिपरि रहेका मानिसहरूको दुःखकष्टलाई वेवास्ता गर्ने र परमेश्वरको करुणामय चरित्रलाई नझल्काउने उहाँका भक्तजनहरूको बिरुद्धमा ती अगमवक्ताहरूले चर्को आवाजका घन्टाहरू बजाएका थिए। आफू धर्मात्मा कहलाउन चाहनेको नाउँमा परमेश्वरको पूजास्तुति गर्न व्यस्त हुने तर आवश्यक परेकाहरूलाई सहायता गर्नबाट आँखा चिम्लिने प्रवृत्तिले परमेश्वरकै बेइज्जत भएको ठहर्छ भनेर बाइबलको आवाज हो। येशूका भक्तहरूले आवश्यक परेकाहरूको सेवा गरेर उहाँको पक्का तथा सही रूपमा आराधना तथा सेवा गर्न सिक्नुपर्छ।**

## ४. भविष्यवाणीको आवाजः भाग २ (यशैया ५८:२)

**यशैया ५८ अध्याय बिशेष अगमवाणीको अध्याय हो। त्यसमा परमेश्वरका जनहरूले उहाँको नितिमा नहिँड्दा तिनीहरूको भन्डाफोर गरिएको थियो भने त्यसमा आशाका वाणीहरू छन् जुन् यशैयाको समयको निम्ति मात्र होइन वर्तमान हामीहरूको समयमा पनि लागु हुन्छ।**

परमेश्वर आफ्ना जनहरूप्रति कति नाराज हुनुभएको थियो भनेर यशैया ५८:१मा उल्लेख गर्नुभएको थियो। जुन् मानिसहरूलाई उहाँले सम्बोधन गर्नुभएको थियो ती मानिसहरू कस्ता थिए भनेर यशैया ५८:२ले कसरी बताउँछ? हेर्नहोस् दुवै पदहरूः "१ चर्चर्को गरी करा, नथाम्। तुरहीको आवाज जस्तै उच्च सोरले करा। मेरो प्रजालाई तिनीहरूको बागीपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे। २ किनकि तिनीहरूले मलाई दिनहुँ खोज्छन्। जे ठीक छ त्यही गर्ने र आफ्ना परमेश्वरको आज्ञा भङ्ग नगर्ने तर

मेरो मार्ग जान्न इच्छा गर्ने जातिजस्तै तिनीहरू देखिन्छन्। तिनीहरू मसँग उचित निर्णयहरू माग्छन्, र परमेश्वर तिनीहरूका नजिकै आऊन् भनी उत्सुक भएका देखिन्छन्।"

**जब परमेश्वरले यशैयालाई चर्को स्वरले कराउ भनेर सम्बोधन गर्नु भएको थियो त्यसबेला उहाँले कस्तो खालको आबेशमा बोल्नुभएको थियो भनेर वर्णन गरिएको छैन। तर मानिसहरूको दुईमुखे चरित्रप्रति वाक्क भएर सम्बोधन गर्नुभएको थियो भनेर ती पदहरूले खुलासा गरेका छन्। तिनीहरू देखावटीमा पवित्र, आस्थामा कम नभएको र धर्मी देखाउने तर व्यवहारमा तिनीहरूले उल्टो देखाइरहेका थिए। अर्को अङ्ग्रेजी अनुवादमा ती यशैाया ५८ः२लाई यसरी अनुवाद गरिएको छ "दिन दिनै तिनीहरू मलाई खोजेर भेट्टाउन चाहन्छन्। तिनीहरू मेरो चाला जान्न उत्सुक भएको जस्तो देखिन्छन्। तिनीहरू यस्ता राष्ट्र जस्ता छन् जे ठिक छ त्यो गरेको र मेरा निर्देशनहरूलाई नबिर्सेको जस्तो देखाउँछन्" (एलआइभि बाइबलबाट रूपान्तरित)।**

परमेश्वरका जन वा भक्तहरू भनेर दावी गर्नेहरूको धर्मकर्म विशेष गरेर उपवास बस्ने विधि कस्तो गलत थियो भनेर उहाँले गुनासो गर्नु भएको यशैया ५८ः३-१४मा कसरी कोरेका छन्? ती पदहरूमा मूल ठूलो विषयवस्तु के हो? हेर्नुहोस्ः "३ तिनीहरू भन्छन्, हामीहरू उपवास बस्यौं, र किन तपाईं देख्नुहुन्न?हामीहरू विनम्र भयौं, र किन तपाईं ध्यान दिनुहुन्न तापनि तिमीहरूका उपवासको दिनमा तिमीहरू आफ्नै इच्छा पूरा गर्दछौ, र तिमीहरूका कामदारहरू सबैलाई तिमीहरू शोषण गर्दछौ। ४ तिमीहरूका उपवासको दिन लड़ाइँ र झगड़ामा अन्त्य हुन्छ र एउटाले अर्कालाई दुष्ट मुक्काले हिर्काउँछौ। तिमीहरू आजको जस्तो उपवास बसेर तिमीहरूको स्वर स्वर्गमा सुनिने आशा गर्न सक्दैनौ। ५ के मैले चुनेको उपवास यस्तै हो र मानिसले आफैलाई एक दिन मात्र विनम्र राख्ने र के निगालोझैं आफ्नो शिर झुकाउने र भाङ्ग्रा र खरानी ओछ्याउने दिन मात्र यो हो र के यसैलाई तिमीहरू उपवास र परमप्रभुको निम्ति ग्रहणयोग्यको दिन भन्छौ? ६ अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको

महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, म यहीँ छु। यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औँला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैँचाझैँ र नसुक्ने पानीको मूलझैँ हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू भत्केका पर्खालहरू निर्माण गर्ने र बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू भनिनेछौ।

१३ तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु। परमप्रभुको मुखैले यसो भन्नुभएको छ।"

**यहाँ विशेष उल्लेखनीय विषयलाई औँल्याइरहेको छः आराधना, उपासना, धर्मकर्म आदिको केन्द्रविन्दु प्रायजसो मानिसहरू आफैमा भएको देखाउँछन् वा स्वार्थी भएको देखाउँछन्: हो प्रभु मेरो निम्ति यो गर्नु होस् त्यो गर्नु होस् आदि। आफ्नो लागि मात्र प्रार्थना गर्ने बानी वा पछि राम्रो होला भनेर धर्म गर्ने प्रवृत्ति कुनै नौलो होइन। निःसन्देह बेला बेलामा हामीहरूको व्यक्तिगत आवश्यकताको निम्ति परमेश्वरसँग माग्नु असान्दार्भिक होइन। तर सही आराधना वा धार्मिक उपासनामा भोकाहरू, नाङ्गाहरू, दुःखकष्ट पाएकाहरू र गरिब तथा निरिहहरू पनि समावेश हुनुपर्छ भनेर परमेश्वरले भनिरहनुभएको थियो। जब अरूको आवश्यकताहरूप्रति संवेदनशील भएर तिनीहरूको सेवा गर्छन् तब सेवा गर्ने र सेवा पाउने दुवैले फाइदा उठाउँछन् भन्नुमा अनौठो मान्नुपर्दैन। अरूको सेवा गर्ने वा सामाजिक सेवा गर्नेहरूलाई के हुन्छ भनेर ती**

**पदहरूले उल्लेख गरेको फेरि पढ्नुहोस्। अरूको सेवा गर्न आफूलाई सुम्पदा, अरूको भलो हेर्दा र अरूलाई सहायता गर्दा हामी आफै पनि आशिषित हुन्छौं। अरूको भलाइ हेर्दा परमेश्वरले गर्नुभएका ती प्रतिज्ञाहरूको उपभोग कस्ले गरेको छैन र? गरिब तथा निरिह मानिसहरूलाई सेवा गर्दा अति आनन्दित र संतुष्ट भएको कसले अनुभव गरेको वा देखेको छैन र? एकै ठाउँमा कुप्रिएर बस्दै मेरो आस्था मेरो व्यक्तिगत हो कसैलाई कुनै तरिकाबाट देखाउन आवश्यक छैन भन्ने पूवृत्तिले यस संसारमा ख्रीष्टको चरित्रलाई देखाउँदैन। (यथार्थमा येशूको भक्त हुनु भनेको आस्थालाई सामाजिक जीवनमा प्रदर्शन गर्नु हो-अनुवादकको टिप्पणी)।**

अरूको सेवा गरेर के तपाईंले प्रेरित २०:३५लाई व्यक्तिगत रूपमा अनुभव गर्नुभएको छ? हेर्नु होस्: "३५ मैले सबै कुरामा तपाईंहरूलाई आफ्नै उदाहरणद्वारा प्रस्तुत गरेको छु कि तपाईंहरूले पनि यसरी नै कड़ा परिश्रम गरेर निर्धाहरूलाई मदत गर्नुपर्छ। प्रभु येशूको वचन याद राख्नुहोस्, कसरी उहाँ आफैले भन्नुभएको छ, कि लिनुभन्दा दिनु अझ धन्य वा खुशी हो। (रूपान्तरित)।

## ५. असल काम गर्न उर्जा वा बल (भजन ८२:३)

यस जीवनमा सत्यलाई जानेर वा बाइबललाई कण्ठ गरेर मात्रै पुग्दैन। परमेश्वरका जनहरू धार्मिक विधिहरू पालन गर्न र त्यसमा भाग लिन उत्सुक थिए भनेर यशैया ५८मा हेऱ्यौं। तर वास्तविक जीवनमा तिनीहरूले आफ्नो आस्था देखाउन तिनीहरू कमजोर थिए भनेर पनि हेऱ्यौं। आजको चर्चलाई असल काम गर्ने शक्तिको रूपमा खडा हुनुपर्छ भनेर परमेश्वरले आह्वान गरिरहनुभएको छ। परमेश्वरको त्यस भलो चरित्र सत्यतालाई उहाँका भक्तहरूले देखाउन् भनेर पुरानो करारका अगमवक्ताहरले बारम्बार सम्बोधन गरेका थिए।

अरूको हितमा संवेदनशील हुन र सामाजिक सेवाकार्यमा क्रियाशील हुन परमेश्वरले गर्नुभएको आह्वानमा हामीहरूको स्थानीय चर्च र विश्वव्यापी चर्चले निर्वाह गर्नुपर्ने भूमिकामा देहायका केही पदहरूले के भन्छ? हेर्नुहोस्: "२ तिमीहरू कहिलेसम्म अन्यायीहरूको पक्ष लिइबस्छौ, र दुष्टहरूको ओड़ थाप्छौ? ३ दुर्बल र अनाथहरूको रक्षा गर, गरीब र थिचोमिचोमा परेकाहरूको न्याय गर। ४ दुर्बल र दरिद्रहरूलाई छुटाओ, दुष्टहरूका हातबाट तिनीहरूलाई छुटकारा देओ। ५ तिनीहरूको न ज्ञान छ, न समझ, तिनीहरू अन्धकारमा यताउता डुल्छन्। पृथ्वीका सारा जग नै हल्लिएका छन्।" भजन

८२:२-५ र "१६ आफूलाई धोएर चोखो पार। मेरो नजरबाट तिमीहरूका दुष्ट कामहरू फालिदेओ! खराबी गर्न छोड़। १७ भलाइ गर्न सिक! न्याय खोज, अत्याचारमा परेकाहरूलाई प्रोत्साहन देओ, टुहुरा-टुहुरीको रक्षा गर, विधवाको पक्षमा बोलिदेओ।" यशैया १:१६,१७।

एउटा चर्चले आफू रहेको समूदायमा कस्तो उल्लेखनीय भूमिका खेलेर त्यस समुदायलाई उत्थान गरेको थियो भन्ने एक ज्वलन्त उदाहरण यहाँ प्रस्तुत गरिन्छ। एउटा चर्च त्यस्तो समुदायमा थियो जहाँ हिंसा, हत्या र बन्दुक हानहानले आतङ्कित भएको थियो। सन् २०११मा एउटा ठूलो शहरको चर्चको पास्टरले प्रभुको निम्ति सेवाकार्य गर्नेहरूको भेलामा स्पष्ट रूपमा भविष्यवाणी बोलेको जस्तै गरेर धेरै महत्त्वपूर्ण आवाजहरू उठाए: इसाईहरूलाई मुर्दा भएर पल्टनमा जानबाट रोक्नै पर्छ। येशूले नै गाउँमा मलामी गएकाहरूलाई रोकेर विधवीको छोरालाई बौरि उठाउनुभएको थियो (लूका ७:११-१७) भनेर त्यसको चर्चा गरे। आफ्नै समुदायमा चर्को अपराध भइरहन्दा र मानिसहरूले एक आपसमा गोली हानाहान हुँदा चर्चले केही नगरि निरिह भएर बस्नु मनासिब छैन भनेर उनले आफ्नो भाषणमा भने। अनि उनले हृदयलाई नै छेड्ने गरेर आफ्ना श्रोताहरूलाई सोधे, "के हामीहरूको चर्च केवल मलामी जान र मरेकोहरूको निम्ति विधि गर्नमात्र अवस्थित भएको हो त? हामीले परमेश्वरलाई सोध्छौं, 'हे प्रभु ती दुःखकष्ट र अपराधहरू किन आउन दिनुहुन्छ?" तर उहाँले हामीलाई यो जवाफ दिनु हुन्छ, "होइन, ती दुःखकष्ट र अपराधहरूलाई तिमीहरूले किन निरन्तरता दिइरहेका छौ?"

त्यो चर्च समुदायमा सामाजिक सेवामा अत्यन्त क्रियाशील हुनगयो। सात वर्षसम्म तिनीहरूको शहरको बाटो र सडकहरूमा चर्चको सङ्गित समूहले गीतहरू गाएका थिए। तिनीहरू गीत गाए, आफूहरूसँग भएका पर्चाहरू बाँडे र समाजमा आवश्यक परेकाहरूको सेवा गर्न दिन अनुरोध गरे। आवश्यक परेकाहरूको अत्यधिक सेवा गरेर चर्चका वरिपरि रहेका छिमेकीहरूलाई विभिन्न तरिकाले सहायता गरे। बिभिन्न कार्यक्रमहरूद्वारा चर्च रहेको त्यस समुदायमा भारि परिवर्तन आएको थियो।

एक चर्चको उक्त कथा केवल एक उदाहरणमात्र हो जसले यो देखाउँछ कि हामीहरू रहेको समुदायमा पनि चर्च भएको हैशियतले विभिन्न तरिकाहरू अपनाएर मानिसहरूको सेवा कसरी गर्न सक्छौं र टुक्रिएको समुदायलाई कसरी मलमपट्टि लगाएर स्वस्थ बनाउन सक्छौं भनेर देखाउँछ।

तपाईंको समाजमा रहेका आवश्यक परेकाहरूलाई तपाईंको चर्चले के गर्न सक्छ?

## उपसंहार:

थप जानकारी: एलेन जी ह्वाइटको पाट्रियारक एण्ड प्रोफेटस्, पृ. ३०७-३१४को "द ल गिभन टु इस्राएल" र पृ. ५३०-५३६को "गडस् केयर फर द पुअर" पढनुहोस्।

पुरानो करारभरि न्याय र कृपालाई कार्यान्वन गरेको र कार्यान्वन गर्न अपेक्षा गरिएको पाइन्छ। उदाहरणमा व्यवस्था २४:१०-२२ पढ्नुहोस्। कुन विषयवस्तुलाई लिएर बिशेष ध्यान पुऱ्याउन त्यहाँ लेखिएको छ सो पढ्नुहोस्। जो गरिब छन्, असहाय छन्, श्रमिक वर्ग छन् र निम्न वर्गका छन् तिनीहरूप्रति परमेश्वरले चासो देखाउनुभएको ती पदहरूले देखाउँछन्। कुनै विशेष परिस्थितिमा के गर्ने र के नगर्ने भनेर त्यस चासो देखाएको मनस्थितिले बुझाउँछ। ऋणमा परेकाहरूलाई र गरिब कामदारहरूलाई कसरी सहयोग गर्ने भन्ने एक उदाहरण हो। आवश्यक परेकाहरूलाई कसरी सहयोग गर्ने भन्ने धारणा परमेश्वरको निम्ति अत्यन्त महत्त्वपूर्ण छ। तिनीहरूलाई सहयोग गर्न कुनै एक जनाको निर्णयमा मात्र छोडिएको छैन। दया र कृपाको बारेमा मानिसको आफ्नै व्यक्तिगत धारणालाई ती पदहरूले ठाउँ दिएको छैन। ती इस्राएलीहरू एक फेरा गरिब र निम्न वर्ग थिए भनेर परमेश्वरले तिनीहरूलाई बुझाउनुहुन्छ।

"तिमीहरू इजिप्टमा दासत्वको जीवन बिताइरहेका थियौ भनेर नबिर्सनु। त्यसैकारण मैले तिमीहरूलाई ती नितिहरूलाई पालन गर्न निर्देशन दिएको छु।" व्यवस्था २४:२२। येशूका भक्त भएको हैशियतले परमेश्वरले हामीलाई देखाउनु भएको दया र कृपालाई हामीले सधैं सम्झिरहनुपर्छ। त्यसकारण ख्रीष्टमा भएको हामीहरूको सम्पन्नता र भरिपूर्णता (एफिसी ३:१९, कलस्सी २:१०) अरूहरूलाई पनि बाँड्न र सेवा गर्न हामी तयार हुन आवश्यक छ।

**चिन्तनमननः**

अ. घरका कामदारहरू सब्बथमा विश्राम गर्नुपर्छ भनेर चौथो आज्ञाले भन्दछ। परमेश्वरको सामु सबै मानिसहरू बराबर छन् भनेर त्यस निर्देशनले कसरी बताउँछ? हामीहरूको निम्ति काम गर्ने वा हामीहरूको मातहतमा रहेर काम गर्नेहरूलाई कसरी न्यायोचित ढँगले व्यवहार गर्नुपर्छ भन्ने परमेश्वरको चाहनालाई हामीहरूले के गर्ने? परमेश्वरको सामु सबै मानिसहरू बराबरी छन् भन्न ध्रुव सत्यलाई ख्रीष्ट क्रुसमा मर्नुभएको सत्यले पनि कसरी देखाउँछ?

आ. "जब हामीहरूको दिमाग ख्रीष्टको जस्तो हुन्छ र हामीहरूको काम उहाँको जस्तो हुन्छ तब हामीहरूले यशैयाले वयान गरेको अनुसार उपवास वस्न सक्छौंः 'तिमीहरूले उपवास बस्दा मेरो यो चाहना अनुसार गर्नु। बन्धनमा परेकाहरूलाई बिना शर्त स्वतन्त्र पारिदेऊ। मानिसहरूलाई बनाइरहेको दासत्वलाई फुत्काइ देऊ। जो पिल्सिएका छन् र दविएका छन् तिनीहरूलाई स्वतन्त्र गरिदेऊ।' (यशैया ५८ः६ रूपान्तरित)। दुःख पाएका र कष्ट पाइरहेका को को हुन् र तिनीहरूको आवश्यकताहरू के के छन् सो पत्ता लगाउनु होस्। अनि दया र माया देखाएर परमेश्वरले तपाईंलाई दिनुभएको असल थोकहरू तिनीहरूसँग बाँडिचुँडि गर्न सुरो हुनुहोस्, आशा र बिश्वासमा दऱ्हो हुनुहोस्।"-एलेन जी ह्वाइट, पासिफिक युनियन रेकर्डर, जुलाई २१, १९०४बाट रूपान्तरित। व्यवाहारिकमा त्यो हामीले कसरी उतार्ने? ख्रीष्टले हामीलाई दिनुभएको वस्तुहरूलाई कसरी उपयोगी तरिकाले बाँड्ने जसले गर्दा आवश्यक परेकाहरूलाई सही रूपमा सहयोग हुन जान्छ?